# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


प.सं.:-
च.नं.:-
पत्र संख्या: २०८१/०८२

## गृहिणि महिला सशक्तिकरण कार्यक्रम संचालनको लागी प्रस्ताब पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/०८ गते

बागमती प्रदेश सामाजिक बिकास कार्यालय, हेटौंडा आर्थिक सहयोगमा मरिण गाउँपालिकाको कार्यालयबाट चालु आर्थिक बर्ष २०८१/८२ मा संचालन हुने गृहिणी महिला शसक्तीकरण कार्यक्रम अन्तर्गत गलैचा बुनाईको आधारभुत तालिम संचालनको लागि सामाजिक बिकास मन्त्रालय र मरिण गाउँपालिकाको ७०% प्रतिशत रकम रु १९,९६,२८३ (अक्षरेपी उन्नाइस लाख छयानब्बे हजार दुई सय त्रीयासी रुपैया मात्र) र संस्थाको ३०% प्रतिशत रकम लागत साझेदारीमा उल्लेखित कार्यक्रम संचालन गर्नु पर्ने भएको र उक्त कार्यक्रम संचालनका लागि योग्यता पुगेका इच्छुक फर्म / संस्थाहरुवाट योे सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित शर्त पुरा गरी प्रस्ताब पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

तालिम संचालन हुने स्थान:

क. मरिण गाउँपालिका वडा नं. ०३ बरुण

ख. मरिण गाउँपालिका वडा नं. ०३ भालुमारा

क) दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजात

१) प्रचलित कानुन बमोजिम संस्थाको दर्ता तथा नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपी
२) संस्थाको जनशक्तिको अबस्था र भौतिक पक्षको बिबरण
३) संस्थाको बिधान र संस्थाको संक्षिप्त प्रोफाइल
४) अघिल्लो आर्थिक बर्षको कर चुक्ताको प्रमाणपत्र वा संस्था दर्ता भएको प्रमाणपत्र
५) कार्यक्रमको प्रस्तावना पत्र
६) संस्थाको अनुभब र गरेका प्रमुख कार्यहरु
७) स्थाई लेखा नम्बर
८) संस्थाले कार्यक्रमको ३० प्रतिशत लागत साझेदारीमा गर्न सक्ने प्रतिबद्धता पत्र
९) आर्थिक बर्ष २०८०/८१ को लेखा परिक्षण प्रतिबेदन पत्र
१०) आर्थिक बर्ष २०८०/८१ मा यस कार्यालयमा संस्था सूचिकृत भएको प्रमाण पत्र लेखा परिक्षण प्रतिबेदन पत्र
११) संस्थाको तर्फबाट लेखीएको स्व घोषणाः पत्र

८१/१२/०८
बिकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत

सर्तहरुः

- कार्यक्रम संचालनको लागी कार्यालयले कुनै पनी किसिमको पेश्की रकम उपलब्ध गराउने छैन ।
- कुनै पनि एक वा एक भन्दा बढी संस्थासंग जोईन्ट गरी प्रस्ताव पेश गर्न पाईने छैन ।
- भुक्तानी प्रकृयाः
  - कार्यप्रगतिको आधारमा कार्यक्रमको अनुगमन समितिले अनुगमन गरे पश्चात पहिलो किस्ता वापतको कानुन अनुसार कर कट्टी गरी रकम भुक्तानी गराईनेछ ।
  - दोस्रो किस्ता वापतको रकम कम्तीमा ८० प्रतिशत काम गरेको कार्य प्रगतिको आधारमा कार्यक्रमको अनुगमन गरे पश्चात भुक्तानी गरिनेछ ।
  - अन्तिम किस्ता काम सम्पन्न भए पश्चात सम्बन्धित शाखाको सिफारिस तथा मरिण गाउँपालिका अनुगमन समितिले अनुगमन पश्चात संस्थाको प्रतिबेदनको आधारमा भुक्तानी गरिनेछ ।

४) सीप बिकास सम्बन्धी तालिम संचालन गर्ने प्रशिक्षकको बायोडाटा शैक्षिक योग्यताको प्रमाणपत्र काम गरेको अनुभब कम्तीमा सि.टि.ई.भि.टि बाट पहिलो तह वा दोस्रो तह पार गरेको प्रमाण पत्रको प्रतिलिपि समावेश भएको हुनुपर्नेछ ।

५) कार्यक्रमको सम्झौता गरेको दुईदिन पछिबाटै कार्यक्रम संचालन गरी २०८२ असार २० गते सम्ममा सम्पुर्ण कार्यक्रमको प्रगति पेश गरिसकेको हुनुपर्दछ ।

६) प्रस्ताब पेश गर्ने अन्तिम २०८१।१२।२२ गते कार्यलय समय अबधि भित्र हुनेछ ।

७) प्रस्ताब पेश गर्दा सिलबन्दी गरी संस्थाको नाम ठेगाना फोन नं. अनिबार्य रुपमा समावेश गर्नु पर्नेछ ।

८) प्रस्ताब खोल्ने मिति २०८१।१२।२३ गते २ बजे हुनेछ र कुनै कारणबस सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन हुनेछ ।

९) प्रस्ताब एवम् संलग्न कागजात संस्थाको आधिकारिक व्यक्तीले सहिछाप गरेको प्रस्ताबलाइ मात्र मान्यता दिईनेछ ।

१०) कबोल अंक लेख्दा अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अक्षर र अंक फरक परेमा अक्षरलाइ मान्यता दिइने छ ।

११ कुनै पनि गैर कानुनी ढंगबाट कालो सूचिमा नपरेको हुनुपर्नेछ ।

१२) कार्यक्रम कार्यान्वयन गर्दा गृहिणी महिला शसक्तीकरण कार्यक्रम कायबिधि २०८० र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

संस्था छनौटको आधार र प्रकृया

- प्रथम चरणमा संस्थाको प्राविधिक परिक्षण गरि योग्याता पुगेको संस्थाको सुची प्रकाशन गरिनेछ ।
- दोस्रो चरणमा योग्यता पुगेको संस्थाहरुवाट आर्थिक प्रस्ताव माग गरि न्यूनतम कबोल अंक सहित प्रस्ताव पेश गर्ने संस्थालाई सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको ब्यवस्था अनुसार छनौट गरिनेछ ।

विकास सुन्दास
प्रमुख प्रशासकिय अधिकृत

८१।१२।०८
विकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत